का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ कात्तिक २०८०,
मंगलबार
7 November 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २७८ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com




भूकम्पले घर भत्किएपछि भेरी नगरपालिका-१ माथिल्लो रिम्नाका स्थानीयवासी । तस्बिर: हेमन्त केसी, रासस

# आए प्रधानमन्त्री, आएन त्रिपाल

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २० कात्तिक ।

जाजरकोट केन्द्रबिन्दु भएर भूकम्प गएको तीन दिन भयो । पीडितहरुलाई राहात सहयोगको प्रतिबद्धता व्यक्त भएका छन् । कतिपय ठाउँमा राहत सामग्री पुगेका पनि छन् । तर, प्रयाप्त राहात सामग्री नहुँदा पीडितहरु थप पीडा भोगिरहेका छन् ।

भुकपपछिको उद्धारका लागि तदारुकता दिन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नै प्रभावित क्षेत्र पुगे । तर, त्यही रफ्तारमा राहत सामग्री पुग्न नसक्दा खुला आकाशमा पीडितहरु रात कटाउन बाध्य हुन् ।

गत शुक्रबार मध्यरातमा जाजरकोटको बारेकोट केन्द्रबिन्दु भएर ६.४ म्याग्निच्युडको भूकम्प गएको थियो । उक्त भूकम्पले गाउँका अधिकांश घरहरू भत्किएका छन् । हाल भूकम्प प्रभावित क्षेत्रमा अधिकांश माटोका घर भत्किएपछि गाउँभर धुलोप्रदूषण फैलिएको छ । पालिएका गाईवस्तुहरू मरेपछि त्यसको पनि दुर्गन्ध फैलिन थालेको छ । यसले गर्दा संक्रमणको समेत जोखिम बढेको छ ।

संक्रमण नफैलियोस् भनेर हाल ७ वटा पालिकामा ७ वटा टिमलाई पृष्ठ २ मा

## ‘राहतमा प्राप्त चामल गोदाममा नकुहिउन्’



पीडितले राहत सामाग्री नपाएको गूनासो गरिरहेका बेला सरोकारवालाहरुले सरकार र सरकारी संयन्त्रको ध्यानाकर्षण गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद र नेताहरुको प्रतिनिधि मण्डलले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाइ भेटेरै भूकम्प प्रभावित क्षेत्रमा राहत वितरणलाई एकरुपता दिई व्यवस्थित गर्न अपनाइएको एकद्वार प्रणालीलाई पृष्ठ २ मा

नागरिक बडापत्र पढौं, छिटो र छरितो सेवा प्राप्त गरौं ।

- सर्वसाधारणलाई सेवा प्रदान गर्ने र जनसम्पर्क हुने कार्यालयमा नागरिक बडापत्र राखिएको हुन्छ ।
- नागरिक बडापत्रमा कार्यालयले दिने सेवा र प्रकृति उल्लेख गरिएको हुन्छ ।
- त्यस्तो सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि, लाग्ने समय, दस्तुर, सेवा दिने अधिकारीलगायत विविध विषय उल्लेख गरिएको हुन्छ ।
- तोकिए बमोजिम सेवा प्राप्त नभएमा गुनासो सुन्ने अधिकारी एवं क्षतिपूर्ति सम्बन्धी व्यवस्थासमेत उल्लेख गरिएको हुन्छ ।

त्यसैले,
सेवाग्राहीको सुविधाका लागि राखिएको नागरिक बडापत्र पढ्ने बानी बसालौं, छिटो छरितो सेवा प्राप्त गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## युरोप भ्रमण रोकेर प्रभावित क्षेत्रमा राष्ट्रपति



जाजरकोट भुकम्पका कारण राष्ट्रपति रामचन्द्र पौडेलको युरोप भ्रमण स्थगित भएको छ । राष्ट्रपतिका परराष्ट्र मामिला सल्लाहकार सुरेश चालिसेका अनुसार भूकम्पपछि मुलुकको वर्तमान परिस्थिति अनुकूल नरहेकाले स्थगित गरिएको हो ।

फ्रान्सको पेरिसमा आयोजना हुने पेरिस पिस फोरममा भाग लिन राष्ट्रपति २२ कात्तिकमा त्यसतर्फ जाने र त्यसपछि जर्मनी र इटालीको भ्रमण गरेर १ मंसिरमा स्वदेश फर्किने तय भएको थियो । तर जाजरकोटको बारेकोट केन्द्रविन्दु बनाएर गएको भूकम्पले जाजरकोट र रुकुमपश्चिममा गरी १५७ जनाको मृत्यु र सय भन्दा धेरै घाइते भएपछि राष्ट्रपतिलाई विदेश भ्रमण स्थगित गर्न सार्वजनिक रुपमा दबाब परेको थियो ।

त्यस आधारमा समेत युरोप भ्रमण रोकेका राष्ट्रपति पृष्ठ २ मा




# एमालेलाई मध्यावधिको डर

सरकारलाई दिएको विश्वासको मत कायम नराखे मध्यावधिमा जान सक्ने भएपछि एमालेले समर्थन कायमै राखेर प्रतिपक्षी बेन्च रोजेको छ । यसले प्रदेश सरकारको अनिश्चयलाई पनि अनिश्चित बनाइदिएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० कात्तिक ।

कोशीमा आफैंले निर्माण गरेको केदार कार्की नेतृत्वको सरकारबाट बाहिरिएको एमालेले सरकारलाई दिएको समर्थन भने तत्कालका लागि कायमै राख्ने भएको छ । सोमबार बसेको एमालेको प्रदेश संसदीय दलको बैठकले समर्थन कायमै राख्ने निर्णय गरेको एमालेको प्रदेशसभाका प्रमुख सचेतक रेवतीरमण भण्डारीले जानकारी दिए ।

सरकारलाई दिएको विश्वासको मत कायम नराखे मध्यावधिमा जान सक्ने भएपछि एमालेले समर्थन कायमै राखेर प्रतिपक्षी बेन्च रोजेको हो छ । यसले प्रदेश सरकारको अनिश्चयलाई पनि अनिश्चित बनाइदिएको छ ।

सरकारलाई दिएको समर्थन कायमै राख्ने निर्णय लिएपनि एमालेले प्रदेशसभामा प्रमुख प्रतिपक्षीको बेन्चमा बस्ने निर्णय लिएको छ । सँगै एमालेले सरकारलाई दिएको समर्थन जुनसुकै बेला फिर्ता हुनसक्ने पनि बताएको छ ।

मुख्यमन्त्री कार्कीले गठबन्धन दलका माओवादी केन्द्र र एकीकृत समाजवादीलाई सरकारमा भित्र्याएपछि एमाले असन्तुष्ट बनेको थियो । शुक्रबार माओवादी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# भिजिट भिसा प्रकरणमा चार कन्सल्ट्यान्सी सञ्चालक पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० कात्तिक

नक्कली कागजातका आधारमा भिजिट भिसामा पठाउने प्रकरणमा प्रहरीले चार वटा शैक्षिक कन्सल्ट्यान्सीका सञ्चालकहरुलाई पक्राउ गरेको छ । आइतबार पक्राउ परेका चार जनालाई प्रहरीले सोमबार सार्वजनिक गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-३१ नयाँबानेश्वर बस्ने ए.सि.ई. कन्सल्टेन्सीका सञ्चालक ३७ वर्षीय अनिष अमात्य, नुवाकोट सूर्यगढी नगरपालिका-३ घर भइ हाल ललितपुर इमाडोलमा रहेको प्रगति विद्याश्रम कन्सल्टेन्सीका सञ्चालक ४५ वर्षीय गोपाल रिमाल, धादिङ बेनिघाट रोराङ गाउँपालिका-२ घर भइ हाल काठमाडौं नयाँबजार बस्ने निप्पोन कन्सल्ट्यान्सीका सञ्चालक ३२ वर्षीय पशुपति मैनाली र भद्रपुर नगरपालिका-१० घर भइ काठमाडौं बुढानीलकण्ठ बस्ने एस टु अब्रोड कन्सल्टेन्सीका सञ्चालक ३२ वर्षीय सागर चापागाई रहेका छन् ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीका अनुसार भिजिट भिसामा विभिन्न देशमा पठाइदिने भन्दै नक्कली कागजातहरु बनाउने कार्यमा संलग्न बलबहादुर रावतसमेत चार जनालाई कात्तिक १८ गते पक्राउ गरी आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रहरी वृत्त, महाराजगञ्ज पठाइएकामा उक्त कार्यमा चापागाईंलगायतका व्यक्तिहरुको समेत संलग्नता रहेको हुन सक्ने देखिएकाले उनीहरूलाई पक्राउ गरिएको हो ।

उनीहरुलाई विभिन्न व्यक्तिका नामको नक्कली शैक्षिक प्रमाणपत्र, विभिन्न सरकारी कार्यालयका होलो ग्राम, ल्यापटप, प्रिन्टर र सरकारी कार्यालयको दुई सय ३० वटा छापसहित काठमाडौंका विभिन्न स्थानबाट पक्राउ गरीएको हो । पक्राउ परेकाहरूलाई लिखतसम्बन्धी कसुरको मुद्दामा आवश्यक अनुसन्धान भइरहेको छ । अभियोग पुष्टि भएमा उनीहरूलाई सात वर्षसम्म कैद सजाय र जरिवाना हुने व्यवस्था रहेको छ ।

आइतबार मात्रै भिजिट भिसा प्रकरणमा संलग्न भएको अभियोगमा प्रहरीले नवलपुर मध्यविन्दु नगरपालिका-५ घर भएका ४५ वर्षीय जयराम श्रेष्ठ, गोर्खा सिरन चोक गाउँपालिका-८ घर भई हाल टोखा बस्ने ३४ वर्षीय पृष्ठ २ मा

# अघि बढ्यो गाँजा खेती वैध बनाउने प्रक्रिया

गाँजा खेती वैध बनाउने उद्देश्यअनुसार सरकारले सम्भाव्यता अध्ययन गर्न लागेको छ । यसका लागि कार्यदल नै बनाएर सरकार अगाडि बढेको हो ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २० कात्तिक ।

गाँजा खेती वैध बनाउने प्रक्रिया अगाडि बढेको छ । गाँजा खेती वैध बनाउने उदेश्य अनुसार सरकारले सम्भाव्यता अध्ययन गर्न लागेको छ । यसका लागि कार्यदल नै बनाएर सरकार अगाडि बढेको हो । गाँजा खेतीको सम्भाव्यता अध्ययनका लागि गृह मन्त्रालयको संयोजकत्वमा कार्यदल बनेको छ ।

अर्थमन्त्री डा. प्रकाशशरण महतको अध्यक्षतामा अर्थ मन्त्रालयमा सोमबार बसेको बैठकले गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा प्रधानमन्त्री कार्यालय, अर्थ, उद्योग, कानुन, परराष्ट्र मन्त्रालयका सहसचिव र नेपाल प्रहरीका प्रतिनिधि सदस्य तथा कृषि मन्त्रालयको सहसचिव सदस्य सचिव रहने गरी कार्यदल बनाइएको हो ।

कार्यदलले काम सुरु गरेको एक महिनाभित्रमा प्रतिवेदन बुझाउन समय तोकिएको बैठकमा अर्थमन्त्री महतले निर्देशन दिएका छन् । यो कार्यदललाई दुई वटा विषय म्यान्डेट दिइएको छ । गाँजालाई औषधिका रुपमा कसरी उपयोग गर्न सकिन्छ र गाँजाबाट औद्योगिकरणको सम्भाव्य अनुसन्धान गर्नेछ ।

गाँजाको डाँठ, पात र रेसाबाट कपडा बनाउन सकिन्छ भन्ने विषयमा कार्यदलले पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२१ कात्तिक २०८०, मंगलबार
7 November 2023, Tuesday

# सरकारले सच्यायो भूकम्प पीडितको तथ्यांक

**काठमाडौं/मस-** सरकारले यसअघि सार्वजनिक गरेको भूकम्पीडितको तथ्यांक सच्याएको छ । मृतक संख्या १५३ रहेको सरकारको पछिल्लो विवरणमा उल्लेख छ । यसअघि मृतक संख्या १५७ भनिएकोमा केही नाम दोहोरो परेकाले सच्याइएको सरकारको प्रष्टीकरण छ । एउटै व्यक्तिका फरकफरक नाम भएकाले दोहोरो टिपिएको पाइएको र अहिले सच्याइएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

मृतकमध्ये १ सय १ जना जाजरकोटका छन् । तीमध्ये ५६ महिला र ४५ पुरुष छन् ।

यस्तै, रुकुम पश्चिमका ५२ मृतकमध्ये २७ महिला र २५ पुरुष छन्। सरकारी विवरणअनुसार, ३ सय ३८ जना घाइते भएकामा ९५ जना विभिन्न अस्पतालमा उपचाररत छन् । २ सय ४३ जना डिस्चार्ज भएका छन्। घाइतेमध्ये ८ जनाको अवस्था गम्भीर छ । गत शुक्रबार राति ११:४७ मा जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर गएको भूकम्पले करिब ४ हजार घर भत्किएका छन्।



### जाजरकोट भूकम्पका मृतकमध्ये ७८ बालबालिका

जाजरकोट केन्द्रविन्दु भएर गएको भूकम्पमा परी मृत्यु भएकामध्ये झण्डै आधा संख्या बालबालिका रहेको पाइएको छ । प्रहरीले उपलब्ध गराएको तथ्यांक अनुसार कात्तिक १७ गते राति गएको भूकम्पबाट मृत्यु भएका एक सय ५७ मध्ये ७८ बालबालिका रहेका छन् ।

जाजरकोटमा ५० र रुकुम पश्चिममा २८ जना बालबालिकाको भूकम्पमा परी मृत्यु भएको जाजरकोटका प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक सन्तोष रोकाले जानकारी दिए । उनका अनुसार दुवै जिल्लामा गरी मृत्यु हुने झण्डै आधा बालबालिका रहेका छन् । जाजरकोटमा मृत्यु भएका एक सय पाँच मध्ये बालक २७ र बालिका २३ जना रहेका रोकाले बताए ।

रुकुम पश्चिममा भूकम्पमा परी ५२ जनाको मृत्यु भएकामा २८ बालबालिकाले रहेका जिल्ला प्रहरी प्रमुख नमराज भट्टराइले जानकारी दिए । उनले भने, 'रुकुम पश्चिममा भूकम्पमा मृत्यु भएकामध्ये अधिकांश बालबालिका छन् । दुईजना १० महिनाका बालबालिकालेसमेत ज्यान गुमाएका छन् ।'

### मृत्यु हुनेमा महिला धेरै

भूकम्पमा परी मृत्यु हुनेमा बालबालिकापछि महिला धेरै रहेका प्रहरीले जनाएको छ । प्रहरीका अनुसार जाजरकोटमा मृत्यु भएका एक सय पाँचमध्ये ५०, ३३ जना महिला र १८ जना पुरुषको मृत्यु भएको जाजरकोटका प्रनाउ रोकाले जानकारी दिए । रुकुम पश्चिममा १६ महिला र आठ जना पुरुषको मृत्यु भएको छ । बेला बेलामा हुने यस्ता विपदमा महिला बालबालिका र ज्येष्ठ नागरिकसँगै अपाङ्गता भएका व्यक्ति धेरै समस्यामा पर्ने गरेका छन् ।

# भाइटीकाको साइत सार्वजनिक



**काठमाडौं/मस-** नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको भाइटीकाको शुभ साइत कात्तिक २९ गते बुधबार १० : ५१ बजे शुभ रहेको जनाएको छ ।

भाइटीकाका दिन दिनभर दिदीबहिनीका हातबाट टीका लगाउन शुभ रहेपनि साइत खोज्नेका लागि १०: ५१ बजेको साइत दिइएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले बताए । राज्य सञ्चालकले भने साइतमै टीका लगाउनुपर्ने शास्त्रीय नियम रहेको समितिले जनाएको छ ।

यस वर्षको यमपञ्चक अर्थात् तिहार कात्तिक २५ गते शनिबारदेखि सुरु हुने छ । तिहार नेपालीको दोस्रो ठूलो चाड हो । नेपालमा धेरैले मनाउने दशैं र तिहारलाई राष्ट्रिय पर्वका रुपमा मनाइन्छ । तिहार पाँच दिनसम्म मनाउने गरिन्छ ।

# भूकम्प प्रभावित क्षेत्रमा औषधिसहित अत्यावश्यक वस्तुको सहजता होस्: समिति

**काठमाडौं/मस-** प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिले जाजरकोट र रुकुमपश्चिमलगायत भूकम्प प्रभावित क्षेत्रमा औषधिसहित दैनिक उपभोग हुने अत्यावश्यक वस्तुको सहज व्यवस्था मिलाउन सरकारलाई निर्देशन दिएको छ ।




समितिको सोमबारको बैठकले व्यक्ति र संस्थागतरुपमा प्राप्त राहत र सहयोग एकद्वार प्रणालीबाट वितरणको प्रभावकारी व्यवस्था मिलाउन पनि भनेको छ। समितिले भूकम्पपीडितका लागि तत्काल अस्थायी बसोबास, शुद्ध पिउने पानी, स्वच्छ र स्वस्थ्यकर खानेकुरा, औषधिलगायतका दैनिक अत्यावश्यक वस्तुको सहज व्यवस्था मिलाउन पनि सुझाव दिएको छ ।

समिति सभापति अब्दुल खानको अध्यक्षतामा बसेको बैठकले भूकम्पमा परी ज्यान गुमाउने प्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरेको छ । बैठकले घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उद्धार कार्यमा सबै पक्षबाट भएको भूमिका र प्रयासप्रति आभारसमेत प्रकट गरेको छ । गत शुक्रबार राति गएको भूकम्पमा परी एक सय ५३ जनाको मृत्यु हुनुका साथै दुई सय ४० भन्दा बढी व्यक्ति घाइते भएका थिए ।

# भूकम्प प्रभावितलाई एमाले बागमती संसदीय दलले ५ लाख बढी सहयोग गर्ने

**काठमाडौं/मस-** नेकपा एमाले बागमती प्रदेशको संसदीय दलले भूकम्प पीडितका लागि सहयोग रकम उपलब्ध गराउने निर्णय गरेको छ ।



गत कात्तिक १७ गते राति कर्णाली प्रदेशको जाजरकोट केन्द्रविन्दु बनाई गएको भूकम्पमा परेर जनधन गुमाउन पुगेका नागरिकको सहयोगार्थ रु.५ लाख ७० हजार उपलब्ध गराउने निर्णय गरेको संसदीय दलका नेता जगन्नाथ थपलियाले जानकारी दिए ।

एमाले संसदीय दलको तर्फबाट प्रदेश सभा सदस्य तथा पदाधिकारीहरुका तर्फबाट उक्त रकम सरकारको राहतकोषको खातामा जम्मा गर्ने निर्णय भएको थपलियाले बताए । बागमती प्रदेश सभामा एमालेका २७ जना सांसदहरु रहेका छन् ।

### आए...

सरसफाइलगायतका शिक्षा दिन कर्णाली प्रदेश स्वास्थ्य निर्देशनालयबाट टोली पठाइएको छ । स्थानीय तह स्तरमा रहेका स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूलाई विशेष गरी प्रभावित क्षेत्रमा सरसफाइ र शुद्ध खानेपानीलाई फोकस गरेर काम गर्न निर्देशन दिइएको छ ।

परकम्पको त्रासले पनि मानिसहरु घरबाहिर खाली स्थानमा सामूहिक रूपमा बसिरहेका छन् । तर, प्रयाप्त पाल नहुँदा खुला आकाशमै सुत्नुपर्ने बाध्यता छ ।

### राहतमा...

सही रुपमा कार्यान्वयन गर्न भनेको छ ।

प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै रास्वपाले विगतको अनुभवबाट पाठ सिकेर निर्णय लिन भनेको छ ।

'राज्य सीमित स्रोत संयन्त्र र भौगोलिक अवस्था तथा सम्भावित असुरक्षाबाट जोगिने सर्वसाधारणको मनस्थितिले राहत वितरण चुस्त र सबैसम्म समयमै नपुग्ने गरेको हाम्रो अनुभव रहेको छ' प्रधानमन्त्रीलाई रास्वपाले बुझाएको ज्ञापनपत्रमा भनिएको छ, 'विगतमा भए जस्तै राहतमा प्राप्त चामल गोदाममा नकुहिउन् र कसैले दोहोरो तेहोरो राहत प्राप्त गर्दै गर्दा कुनै पीडितले राहत पाउँदै नपाउने अवस्था नबनोस् ।'

रास्वपाले राहत वितरणलाई चुस्त दुरुस्त तथा प्रभावकारी बनाउन अपनाउनुपर्ने थप सजगताका लागि बिभिन्न सुझावहरु समेत सरकारलाई दिएको छ ।

जसअन्तर्गत राहत सामग्री वितरणमा सडक पहुँच राम्रो नभएको ठाउँलाई प्राथमिकतामा राख्न भनिएको छ । भूकम्प प्रभावितहरुका लागि स्वदेश तथा विदेशबाट, सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्राप्त आवश्यक राहत सामग्रीहरुको वितरण लक्षित जनतासम्म भएको यकीन गर्न तथा पीडितहरुको उद्धारमा सम्बन्धित निकायको अनुगमन गर्न भनिएको छ । जाडोयाम सुरु भएसँगै भूकम्प प्रभावितहरुको जनजीवन थप कष्टकर हुन सक्ने तर्फ ध्यान दिई तत्काल बसोबासका लागि आवश्यक प्रबन्ध गर्न भनिएको छ ।

साथै रास्वपाले भनेको छ, 'विगतमा भूकम्प प्रभावितहरुको पुनःस्थापना तथा पुनर्निर्माण कार्यमा भएको ढिलासुस्ती पसपटक नदोहोरियोस । पुनर्निर्माण प्रक्रिया यथाशीघ्र अभि बढाई पीडितहरूको पुनःस्थापना छिटो गर्न सम्बन्धित निकायलाई सचेत गराइयोस। पुनर्निर्माणका लागि आवश्यक कानूनी संरचनाहरु निर्माण कार्य अविलम्ब चालियोस् ।'

### युरोप...

प्रभावित क्षेत्रमा जाँदैछन् । उनी मंगलबार भूकम्प प्रभावित क्षेत्र जाजरकोट र रुकुम पश्चिम जाने भएका हुन् ।

राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार भूकम्पबाट प्रभावित नागरिकहरुको अवस्था बुझ्न राष्ट्रपति त्यस क्षेत्रमा जान लागेका हुन् ।

### एमालेलाई...

र एकीकृत समाजवादीलाई सरकारमा समेटेपछि शनिबार एमालेले आफ्ना मन्त्री राम रानालाई फिर्ता बोलाएको थियो ।

प्रतिपक्षीको बेन्चमा पुगेको एमालेले तत्काल समर्थन फिर्ता लिएको खण्डमा मुख्यमन्त्री कार्कीले विश्वासको मत लिनुपर्छ । उनले विश्वासको मत पाउने अवस्था नबनेमा प्रदेश स्वतः मध्यावधी निर्वाचनतर्फ जानेछ । यस्तोमा तत्काल मध्यावधीमा जाने पक्षमा एमाले छैन ।

एमाले सरकारबाट बाहिरि एसँगै कोशीमा कांग्रेस-माओवादी गठबन्धनले राप्रपासँग संवाद गरेको छ । मध्यावधीमा जाने अवस्थामा सहयोग गर्ने बचन दिएको राप्रपालाई मनाएर बहुमत जुटाउने प्रयासमा दलहरुको छलफल अघि बढेको छ ।

गठबन्धनका नेताहरुले बताएअनुसार सभामुख पद दिएर भएपनि राप्रपालाई मनाउने प्रयास भइरहेको छ । राप्रपा पनि मध्यावधीमा जाने पक्षमा देखिएको छैन ।

कोशी प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएको १० महिना पुरा भएको छ । तर, यो १० महिनाको बीचमा पाँच पटक सरकार बनिसके । एमालेका हिक्मत कार्की दुई पटक, कांग्रेसका उद्धव थापा दुई पटक मुख्यमन्त्री बनेपछि कांग्रेसको इतर पक्षका कार्की मुख्यमन्त्री बनेका छन् ।

यदि सत्ता गठबन्धनका दलहरुबीच कुरा नमिलेमा, एमाले वा राप्रपा सरकारको खेलमा सहभागी नभए सरकार स्वतः ढल्नेछ । त्यसपछि सरकार बन्ने प्रक्रिया पुरानै रुपमा फर्किनेछ र प्रदेश मध्यावधीको अवस्थासम्म पुग्न सक्छ ।

### भिजिट...

भक्तबहादुर थापा, काठमाडौं महानगरपालिका-१ नक्साल बस्ने ३८ वर्षीय दीपक केसी र सल्यान रामपुर कालीमाटी गाउँपालिका-३ घर भइ हाल काठमाडौं नागार्जुन नगरपालिका-इचंगुनारायण बस्ने ४२ वर्षीय बलबहादुर रावतलाई पक्राउ गरी सार्वजनिक गरेको थियो ।

उनीहरूबाट राहदानीसहितका १ हजार ३२ थान नक्कली कागजात, नक्कली बैंक स्टेटमेण्ट १३९ थान, नक्कली नाता प्रमाणित १५ थान, नक्कली प्रहरी रिपोर्ट २५ थान, ४० वटा नक्कली श्रम स्वीकृति, १३ वटा कोभिड-१९ को नक्कली क्युआर कोड, १२ कक्षाको नक्कली सर्टिफिकेट ६१ वटा, एसएलसीको नक्कली सर्टिफिकेट ३ वटा बरामद भएको प्रहरीले बताएको छ । उनीहरूले हजारौं व्यक्तिलाई नक्कली कागजात बेचेको हुन सक्ने प्रहरीको अनुमान छ ।

### अघि...

अनुसन्धान थाल्ने छ । चालु आर्थिक बर्षको बजेटमा गाँजा खेतीको सम्भावनाका विषयमा अध्ययन गर्ने उल्लेख थियो । बजेट वक्तव्य को १०५ नम्बर बुँदामा औषधिजन्य प्रयोगका लागि गाँजा खेतीको सम्भाव्यता अध्ययन गरिने अर्थमन्त्री महतले उल्लेख गरेका छन् ।

अर्थ मन्त्रालयको नीति योजना, अनुगमन तथा मूल्यांकन महाशाखा अन्तर्गत लागुऔषध नियन्त्रण शाखाले कार्यविधिका लागि काम गरिरहेको छ । औषधीय प्रयोजनका लागि गाँजा खेतीको अनुमति दिन मापदण्ड बनाउन लागिएको हो ।

नेपालका विभिन्न भागमा अहिले पनि औषधिका लागि गाँजा खेती हुने गर्दछ । केही जानकारले बन्न लागेको कार्यविधिले खेतीलाई नियन्त्रण र अनुगमनमा टेवा पुर्‍याउने बताएका छन् भने अन्यले दुरुपयोग र आपराधिक गतिविधि प्रोत्साहित हुने बताएका छन् ।

गाँजा खेतीलाई वैधानिक मान्यता दिनुपर्ने पैरवी गर्दै आएका पूर्वमन्त्री विरोध खतिवडा गाँजा खेतीलाई कानुनी दायरामा ल्याई व्यावसायिक खेती गरी आर्थिक लाभ लिनुपर्ने बताउँछन् । पूर्वसांसद शेरबहादुर तामाङले पनि गाँजा खेतीको वैधानिकताको माग गर्दै आएका छन् ।

सन् १९६१ को मार्चमा संयुक्त राष्ट्रसंघको सम्मेलनले अन्तर्राष्ट्रिय सन्धि सिङ्गल कन्भेन्सन अन नार्कोटिक ड्रग १९६१ पारित गरेको थियो । जसले गाँजालाई लागुऔषध मान्दै प्रतिबन्ध लगायो । नेपालले उक्त अभिसन्धिमा हस्ताक्षर गरेपछि सन् १९७६ मा लागुऔषध नियन्त्रणसम्बन्धी कानुन बनाएको थियो । त्यसमा गाँजाको खेती, भण्डारण, सेवन र बिक्री वितरणलाई अवैधानिक र दण्डनीय अपराध मानिएको छ । ऐनअनुसार ५० ग्रामसम्म गाँजा राखे तीन महिनासम्म कैद र तीन हजार रुपैयाँसम्म जरिवाना हुन सक्छ ।

सन् २०२० को अन्त्यतिर संयुक्त राष्ट्रसंघले गाँजालाई औषधीय गुण भएको वनस्पति मान्दै हानिकारक समूहबाट हटाएपछि नेपालमा पनि यसमाथिको प्रतिबन्ध फुकुवा गर्ने विषयमा बहस सुरु भएको हो । कानुनी प्रतिबन्ध हटाउन प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा प्रस्ताव समेत दर्ता भएको थियो ।


## Annapurna Rural Municipality
## Office of Rural Municipal Executive

Machhapokhari, Kaski

**Invitation for Electronic Bids**

**Date of first Publication : Nov 07, 2023 (2080/07/21)**

1. Annapurna Rural Municipality, Office of Rural Municipal Executive invites Electronic Bids From eligible bidders for following projects.

| Name of Project & Contract ID. | Price of Bid Document | Bid Security Amount & Bid Security Validity Period | Estimated Amount | Last Date, Time of bid Submission and Opening | Bank A/C Details (For cost of bid Document &Bid Security Amount) |
|---|---|---|---|---|---|
| Upgrading of Highway To Hijung Nayapul Road & Contract ID:- ARM/W/SQ/R/2080/81-01 (Re) | NRs. 1,000 | 38,000 /- & 75 days | Estimated Amount Including VAT and P.S. 15,00,072.06 | 2080-08-06 at or before 12:00 hrs and 13:00 hrs Respectively. | Bank :Nic Asia Bank Ltd Naundada Account No: 1812050028919002 Account name: Annapurna Rural Municipality, & Bid security A/c number I-1-CA-051-227-85-2405 |
| Construction of Naudada Police Chauki & Contract ID:- ARM/W/SQ/B/2080/81-02 | NRs. 1,000 | 28,000 /- & 75 days | Estimated Amount Including VAT and P.S. 11,00,430.42 | | |

2. Eligible Bidders may obtain further information from the (website: https://annapurnamunkaski.gov.np/ ) Annapurna Rural Municipality, Office of Rural Municipal Executive, Machhapokhari Kaski or may download bidding document from PPMO's e-GP system www.bolpatra.gov.np/egp under name of Annapurna Rural Municipality, Office of Rural Municipal Executive.
3. Interested bidders shall register in e-GP system and shall summit their bid / quotations through PPMO's e-GP system www.bolpatra.gov.np/egp system before above mentioned Date & time.

**Chief Administrative Officer**



## कतारमा बैदेशिक रोजगारको अवसर

कम्पनी : Qatar Gate Hospitality  शहर: Doha, Qatar
पूर्व स्वीकृती मिति : २०८०/०७/२०  चलानी नं. ६०२०९८४९  LT No. 294753

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labour | 0 | 10 | काममा दक्ष | 1000 | ३६,५६० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ बर्ष |
| २. | Ground Steward | 6 | 25 | | 1000 | ३६,५६० | | | | | | | |
| ३. | General Clean Worker | 5 | 0 | | 1000 | ३६,५६० | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने /रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | रु ७००/- कामदार आफैंले | रु १५००/- कामदार आफैंले | निःशुल्क | निःशुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौंमा २०८० कार्तिक २८ गते (14 Nov, 2023) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग ताहाचल, काठमाडौंमा सम्पर्क राख्नुहोला ।

**Empire International Pvt. Ltd.**
Lic. No. 695/063/064
Shantinagar, Kathmandu, Nepal
Phone No.: 01- 4621348,4620715
E-mail: jobs@empirenpl.com.np



## मलेसियामा रोजगार

कम्पनी : J BIOTECH JOHOMUO SDN.BHD
शहर: Malaysia,Johor
पूर्व स्वीकृत मितिः २०७९/१२/१०  चलानी नं.:६०१९५२९३  L.T. No.: 283173  पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Worders | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक २८ गते (14 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**मिथिला मेनपावर सर्भिसेस् प्रा. लि.**
श्रम इजाजत नं. ९२०/०६७/०६८
कालिमाटीडोल, एयरपोर्ट (मेनपावर बजार) काठमाडौं, Website: mtlgroup.com.np
फोनः ४४९११०४, फ्याक्सः ४४९४९८६, Email: mithila.menpower@gmail.com
९८०१०२९३८९ । ९८०१०२९३७३ । ९८०२०७६३३६ । ९८४१३१६३१५ । ९८०१०२९३७१

प्रधानाध्यापक साह मृत्यु प्रकरण

# छानबिन गरी दोषीमाथि कारबाहीको माग गर्दै प्रदर्शन



**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २० कात्तिक

पूर्व पश्चिम राजमार्गअन्तर्गत सिरहाको मिर्चैमामा सडक अवरुद्ध गरिएको छ । जिल्लाको गोलबजार नगरपालिका ३ स्थित सरस्वती माध्यमिक विद्यालय तेतरिया जमदहका प्रधानाध्यापक सञ्जिव कुमार साह मृत्यु प्रकरणको छानबिन गरी दोषीमाथि कारबाहीको माग गर्दै परिवारजन तथा स्थानीयले पूर्व पश्चिम राजमार्ग अन्तर्गत मिर्चैयामा सडक अवरुद्ध गरेका हुन् ।

मिर्चैया नगरपालिका ७ का प्रधानाध्यापक साहको हत्या भएको भन्दै परिवारजनले उचित न्याय पाउनुपर्ने मागसहित मिर्चैयाको कटारी चोकमा टायर बालेर प्रदर्शन गरेका छन् । सडक अवरुद्धका कारण सयौं सवारी साधन अलपत्र परेका थिए ।

उनीहरुले घटनाको प्रकृति हेर्दा र भऱ्याङ र पासो लागेको कोठामा रगत देखिएकाले हत्या भएको आरोप लगाएका छन् । साहका श्रीमतीसहितका परिवार र स्थानीयले सुनियोजितरुपमा हत्या गरिएको आरोप लगाएका छन् ।

सोमबार बिहानैबाट साहकी श्रीमती मिना साहसहितका आफन्त र मिर्चैयाका स्थानीय सडक अवरुद्ध गरेर बसेका थिए । उनकी श्रीमतीले आफू मर्न तयार रहेको तर न्याय नपाएसम्म कतै नजाने र केही नखाने अडान लिएकी छिन् ।

प्रधानाध्यमपक साह आइतबार बिहान विद्यालयको कार्यालय भवनको तेस्रो तल्लामा पासो लागेको अवस्थामा मृत भेटिएका थिए । उनको शव पोष्टमार्टमका लागि त्रिवि शिक्षण अस्पताल काठमाडौं पठाइएको छ ।

यता प्रहरीले अहिलेसम्मको घटना प्रकृतिले आत्महत्याको संकेत गरेपनि अनुसन्धान जारी रहेको बताएको छ। प्रहरीले थप अनुसन्धान भइरहेको र पोष्टमार्टमको रिपोर्टपछि मात्र केही बताउन सकिने बताएको छ ।

विद्यालयहरू बन्दको आह्वान

प्रअको शंकास्पद मृत्यु घटनाको सत्यतथ्य र निष्पक्ष छानबिनको दवाव स्वरुप सिरहाका सम्पूर्ण विद्यालयहरु बन्दको आह्वान गरिएको छ । सिरहाका शिक्षक पेशागत संगठनद्वारा गोलबजार नगरपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरू अनिश्चितकालका लागि बन्दको आह्वान गरेको हो ।

शिक्षकहरुका पेशागत संगठनहरुको संयुक्त बैठकले मंगलबार सिरहा जिल्लाभरका विद्यालय बन्द गर्ने निर्णय गरेको छ । यस्तै घटना गोलबजारमा भएकाले उक्त नगरपालिकाका विद्यालयहरु अनिश्चितकालीन बन्द गर्ने निर्णय गरिएको छ ।

सोमबार शिक्षकहरुका आठ पेशागत संगठनका जिल्ला अध्यक्षहरुले संयुक्त रुपमा जारी गरेको विज्ञप्तिमा विद्यालयहरु बन्दगरी मंगलबार बिहान ११ बजे घटना भएको गोलबजार नगरपालिका ३ स्थित सरस्वती माध्यमिक विद्यालयमा हुने संघर्षका कार्यक्रममा उपस्थित हुन शिक्षकहरुलाई अपिल गरिएको छ ।

# पढ्दै कमाउँदै जनबोध माविका विद्यार्थी

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, २० कात्तिक



गुल्मीको रुरुक्षेत्र गाउँपालिका वडा नम्बर ४ र ५ मा पर्ने जनबोध माध्यमिक विद्यालयका विद्यार्थीले डेढ लाख बढीको कृषि उपज उत्पादन गरी बिक्रीवितरण गर्दै आएका छन् । विद्यालयमा आफुहरुले उत्पादन गरेको कृषि उपजले आफ्नो शैक्षिक सामग्री किन्न पुग्ने गरेको छात्रा परीक्षा ज्ञवालीले बताइन् ।

उनले पढ्दै कमाउँदै कार्यक्रमले प्राविधिक पढ्ने विद्यार्थीलाई प्रयोगात्मक अनुभव र शैक्षिक सामग्री किन्न सहज भएको भन्दै खुशी व्यक्त गरिन् । पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत विद्यालयको प्राविधिक धारतर्फ कृषि बालि विज्ञान पढ्ने विद्यार्थीले डेढ लाख बढीको कृषि उपज उत्पादन गरी बिक्रीवितरण गरेका हुन्। विद्यार्थीहरुले विद्यालयको जग्गामा बेमौसमी काउली, बन्दा, हरियो खुर्सानी, अकबरे खुर्सानी, भान्टा, सयपत्री फुल, माछा, धान खेती,स्टेवरी, प्याज, लसुन, मुला, गाँजर, सिमि र मौरी पालन लगातका कृषि उपजहरु उत्पादन गरी बिक्रीवितरण गरिएको प्राविधिक धार संयोजक वरिष्ठ प्रशिक्षक अवधेश कुमार चौधरीले बताए ।

उनले विद्यार्थीले उत्पादन गरेको कृषि उपजको बिक्री वितरणका लागि बजारको समस्या नभएको तर प्रशस्त मात्रामा उत्पादनका लागि जमिन अभाव जानकारी दिए। विद्यालयको आवश्यकता अनुसार सम्बन्धित सबै निकायले सहयोग गरेका कारण विद्यालय नमुना भएको विद्यालयका प्रधानाध्यापक बामदेव ज्ञवालीले बताए। उनले विद्यालयको सर्वाङ्गिण विकासका लागि सबै लागे मात्र सफल हुने पनि जानकारी दिए।

जनबोध माध्यमिक विद्यालय २०७४ सालमै जिल्लाको नमुना विद्यालयमा घोषित भएको थियो । यस विद्यालयमा अहिले ५ सय ८० विद्यार्थी छन् । जसमध्ये ७८ जना प्राविधिक कृषि बालि विज्ञान अध्ययन गर्छन् । यस विद्यालयमा अन्य स्थानीय तहबाट पनि करिब ३० जना विद्यार्थीले डेरा गरी बसेर पढ्ने गरेका छन्। गाउँकै विद्यालयमा पनि विद्यार्थीको आकर्षण बढ्नु भनेको गुणस्तरीय शिक्षा नै हो ।

**रुकुम पश्चिम डायरी**
**प्रचण्ड खत्री/मध्यान्ह**

# मृतकका परिवारलाई बाँफिकोटले १० हजार किरिया खर्च दिने




रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकाले सानी भेरी गाउँपालिका र आठबिसकोट नगरपालिकामा भूकम्पमा परी मृत्यु भएकाका परिवारलाई १० हजार किरिया खर्च दिने भएको छ। बाँफिकोट गाउँपालिकाको कार्यपालिका बैठकले नगरपालिका र गाउँपालिकाको खातामा पैसा हाल्ने र सबन्धित स्थानीय तहले मृतकको आफन्तलाई दिने गरी निर्णय गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दुर्गाबहादुर ओलीले बताए ।

बाँफिकोट गाउँपालिकाभित्र १ सय ८७ घर बस्न नमिल्ने स्थितिमा पुगेकाले ती घर परिवारलाई सुरक्षित बासका लागि त्रिपाललगायतका राहात समग्री वितरण गर्ने निर्णय भएको वडा नं. १० का वडा अध्यक्ष हरि चन्दले बताए ।

गाउँपालिकाको सम्पूर्ण क्षतिको विवरण विपद् व्यवस्थापन समिति संयोजक नर बहादुर खत्रीको नेतृत्वमा संकलन गर्ने निर्णय पनि भएको छ ।

# अमेरिकाबाट हरि खत्रीले गरे भूकम्प पीडितका लागि सहयोग




रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका ६ मग्मा घर भइ हाल अमेरिकामा रहेका हरि खत्रीले भूकम्प पीडितका लागि सहयोग गरेका छन् । उनले भूकम्पमा परी ठूलो जनधनको क्षतिको सामना गरेका पीडित परिवारलाई सहयोग गरेका हुन् ।

कात्तिक १७ गतेको मध्यरातमा जाजरकोटको रामिडाँडा केन्द्रबिन्दु बनाएर गएको भूकम्पमा परेर मानवीय तथा भौतिक क्षतिको सामना गरेका जिल्लाको सानी भेरी गाउँपालिका तथा आठबिसकोट नगरपालिका र जाजरकोट जिल्लाका लागि उनले पाँच लाख रुपैयाँ बराबरको राहत सामग्री सहयोग गरेका हुन् ।

उनले सानी भेरी गाउँपालिका र आठबिसकोट नगरपालिकालाई समान दुई/दुई लाख तथा जाजरकोटका लागि एक लाख रुपैयाँ बराबरको राहत सहयोग गरेका हुन् ।

# भूकम्पले शिवालयका विद्यालयहरुमा क्षति



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २० कात्तिक

गत शुक्रबार राति जाजरकोको रामीडाँडा केन्द्रबिन्दु भएर गएको भूकम्पले जाजरकोटको शिवालय गाउँपालिकाका केही विद्यालय भवन चर्किएका छन् । शुक्रबार राति ११:४५ बजे गएको ६ दशमलव ४ रेक्टर स्केलको भूकम्पले यहाँका धेरैजसो विद्यालय भवन चर्किएका हुन् ।

भूकम्पको धक्काले शिवालय गाउँपालिका-५ थालारैकर सल्लेरीमा रहेको जनकल्याण आधारभूत विद्यालयको भवन चर्किएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भक्तबहादुर केसीले जानकारी दिए ।

'विद्यालयमा भूकम्पले बढी क्षति गरेको छ । विद्यालयका भवनमा चिरा परेका छन् । चर्किएका भवनमुनि पठनपाठन गर्दा भत्किने डरले विद्यार्थी त्रसित छन्,' उनले भने, 'अहिले त विद्यालय तिहारका लागि बन्द छन्। अब केही समयपछि विद्यालय खुल्छन् त्यतिबेला विद्यार्थीलाई कहाँ राखेर पढाउने धेरै नै समस्या छ ।'उक्त विद्यालयको स्थापना २०५३ सालमा भएको हो । अहिले विद्यालयमा करिब १२० जना विद्यार्थी रहेका छन् ।

यस्तै सोही वडाको काउँलामा रहेको हिमालय आधारभूत विद्यालय भवन पनि चर्किएको छ। भूकम्पका कारण विद्यालय भवन चर्किएको विद्यालयका प्रधानाध्यापक पूर्णबहादुर केसीले जानकारी दिए। शिवालयका प्राय:जसो विद्यालयमा क्षति पुगेको छ। यहाँ पठनपाठन गर्ने वातावरण नभएको शिक्षक र जनप्रतिनिधिहरूको भनाइ छ।

केराबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
केराबारी मोरङ, कोशी प्रदेश, नेपाल

**ढुङ्गा, गिटी/मिक्स गिटी, वालुवा र भरौट उत्खनन् संकलन तथा विक्री गर्ने कार्यको E-BID ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना**

**सूचना प्रकाशन मिति :२०८०।०७।२१**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ 'क' को उपदफा (१) तथा सोहि ऐनको दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम केराबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्रबाहेक ढुङ्गा, गिटी/मिक्स गिटी, बालुवा र भरौटको उत्खनन् संकलन तथा विक्री मुल्य असुली गर्न तपशिल बमोजिमको खोलाहरुबाट तोकीएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण सहित), मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र तथा आ. व. २०७९।८० वा आ.व.२०७८।०७९ को कर चुक्ता र आ.व.२०७९।०८० को लागि म्याद थप प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरी ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपशिल वमोजिम शर्तको अधिनमा रही बिधुतिय बोलपत्र आह्वान गरिएको छ ।

| सि. न | ठेक्का नं. | विवरण | उत्खनन/विक्री योग्य परिमाण (घ.फि) | न्युनतम ठेक्का अंक रु (भ्याट सहित) | बोलपत्र मुल्य (रु) | सूचना प्रकासन |
|---|---|---|---|---|---|---|
| १ | ४/ राजश्व/केराबारी/ २०८०।०८१ | यस गाउँपालिका क्षेत्र भित्र IEE भएका खोलानालाहरु मध्ये, **बुढी खोला र मुगु खोला** अन्तर्गत IEE प्रतिवेदनका आधारमा ढुङ्गा, गिटी/मिक्स गिटी, वालुवा र भरौट उत्खनन् संकलन तथा विक्री मुल्य असुली । | १६,०८,७६८ | १,२७,२५,३५४.८८ | ३,००० | दोश्रो पटक E-biding १५ दिने |
| २ | ६/ राजश्व/केराबारी/ २०८०।०८१ | यस गाउँपालिका क्षेत्र भित्र IEE भएका खोलानालाहरु **भलुवा-लोहन्द्रा खोला र तुर्के-विराजे खोला** अन्तर्गत IEE प्रतिवेदनका आधारमा ढुङ्गा, गिटी/मिक्स गिटी, वालुवा र भरौट उत्खनन् संकलन तथा विक्री मुल्य असुली । | ५६,०९,५२० | ४,४३,७१,३०३.२० | ५,००० | दोश्रो पटक E-biding १५ दिने |
| ३ | ७/ राजश्व/केराबारी/ २०८०।०८१ | यस गाउँपालिका क्षेत्र भित्र IEE भएका खोलानालाहरु मध्ये **खदम खोला** अन्तर्गत IEE प्रतिवेदनका आधारमा ढुङ्गा, गिटी/मिक्स गिटी, वालुवा र भरौट उत्खनन् संकलन तथा विक्री मुल्य असुली । | ९८,९६,०४० | ७,८२,७७,६७६.४० | ५,००० | प्रथम पटक E-biding ३० दिने |
| ४ | ८/ राजश्व/केराबारी/ २०८०।०८१ | यस गाउँपालिका क्षेत्र भित्र IEE भएका खोलानालाहरु मध्ये **हचुवा खोला** अन्तर्गत IEE प्रतिवेदनका आधारमा ढुङ्गा, गिटी/मिक्स गिटी, वालुवा र भरौट उत्खनन् संकलन तथा विक्री मुल्य असुली । | ६,२०,९२८ | ४९,११,५४०.४८ | ३,००० | प्रथम पटक E-biding ३० दिने |

- **नोटः नदीजन्य पदार्थ (ढुङ्गा, गिटी/मिक्स गिटी, बालुवा आदि) को दर प्रति क्यु. फिट (भ्याट बाहेक) रु.७।००, १ घ.मि. =३५.२८ घ.फि.**
- **एकमुष्ट रकम बुझाउदा मु.अ.कर वाहेकको रकममा १०% छुट दिइनेछ ।**
- **विस्तृत सूचना र सर्तहरु केराबारी गाउँपालिकाको वेवसाइट www.kerabarimun.gov.np तथा bolpatra.gov.np/egp मा हेर्न सक्नुहुनेछ ।**

**केराबारी गाउँपालिका**



मध्यान्ह
www.madhyanhadaily.com
२१ कात्तिक २०८०, मंगलबार
7 November 2023, Tuesday

सम्पादकीय

## भूकम्प पीडितलाई चाहिने मानवता

महाभूकम्प-२०७२ को सिकाइका आधारमा सरकारले जाजरकोट भूकम्प पीडितहरूलाई राहत वितरणमा एकद्वार प्रणालीको नीति लिएको छ । ९ हजार मानिसको ज्यान लिनेगरी २०७२ को गएको भूकम्प पीडितहरूलाई राहत वितरणमा ठूलो समस्या आएको थियो । आफूखूशी जोसुकैले राहत लिएर जाँदा कयौं ठाउँमा स्थानीयले खोस्ने गरेको दृष्य जतातते देखिएको थियो । तर गत १७ कात्तिक मध्यरात गएको भूकम्पका पीडितहरूलाई राहत वितरणमा सरकारले सुरूमै चासो राखेको छ । गृह मन्त्रालयले एकद्वार नीति अपनाउन भनेपछि स्थानीय प्रशासनलाई राहत सामग्री बुझाउने गरिएको छ । कतिपयले यस्तो नीतिको विरोध समेत गरेको पाइन्छ । हुनपनि स्थानीय सरकार, समुदाय र सम्बन्धित सबै पक्ष एकैसाथ खटिएर नागरिकको ज्यान जोगाउनेगरी उद्धार कार्य भएको थियो ।

तर अहिले राहत वितरणमा सबैलाई हात हाल्न दिइएको छैन । यसले पक्कैपनि असर भने पुगेको छ । भूकम्पपछिको तीन रात बितिसक्दा त्रिपाल समेत नपुगेको गुनासो छ । आफन्त गुमाएका परिवारले बढी पीडा पुगिरहेको छ । खुला आकाशमुनि क्रियापुत्री बसेको दृष्य दर्दनाक छ । चिसो मौसम भएकाले न्यानो कपडा र आवश्यक खाद्य सामग्री उनीहरूका लागि अहिले बढी जरूरत कुरा हो । तर त्यही कुराको अभाव हुँदा सरकारको अनुस्थितिको अनुभूति गरिनु स्वभाविक पनि छ । त्यसैले एकद्वार नीति अपनाएको सरकारले फास्ट ट्र्याकबाट राहत पुऱ्याउन आवश्यक छ । किनकि यस्तो बेला औपचारिक प्रक्रियामा मात्रै अल्मलिरहनुले पीडितलाई थप समस्या हुन सक्छ । त्यसतर्फ सरकारले ध्यान दिन आवश्यक छ ।

सरकारलाई सहयोग पुऱ्याउने निकाय पनि चनाखो हुन आवश्यक छ । अझ राजनीतिक नेतृत्व नै मुलुकको कार्यकारी निकायको प्रमुख हुने भएकाले पनि सरकारी संयन्त्रलाई राजनीतिक सहयोग अपरिहार्य छ । तर त्यति ठूलो मानवीय क्षति भएको भूकम्पको उद्धार समेत नसकिदै दलहरू एकअर्काविरूद्ध आरोप-प्रत्यारोप थालेको सुनिन्छ । यो बिडम्बना हो । किनकि अहिले शक्ति संघर्षको समय होइन । नागरिक जस लिने होडमा उत्रने पनि होइन । अहिले मानवीय सहयोग र सद्भावको समय हो । राजनीति र सत्ता संघर्ष भन्दा पनि मानवता माथि हुन्छ । राजनीतिक नेतृत्वको त नागरिक सुरक्षा अझ ठूलो दायित्व हो । तसर्थ अहिले जस लिनेतिर अथवा शक्ति संघर्षमा उत्रने भन्दा पनि एकद्वार प्रणालीबाट जतिसक्दो छिटो राहत पुऱ्याउने, छुटेको उद्धार गर्ने अनि दीर्घकालीन पुनर्स्थापनाको योजनामा केन्द्रीत हुन आवश्यक छ ।

# सुशासनको सवाल

अग्रलेख



● गम्भीर बहादुर हाडा

मध्ययबाट जब विश्वमा प्रजातन्त्रको लहर प्रारम्भ भयो, त्यसै बेलादेखि सुशासनको अवधारणाले लोकप्रियता पाउन थालेको हो । सूचना क्रान्तिले एकातिर मानवको सामाजिक अस्तित्वलाई चिन्तनधाराको केन्द्रबिन्दुमा ल्यायो भने अर्कोतिर प्रतिनिधिमूलक प्रजातन्त्रका सीमाहरू पनि प्रष्ट पारिदियो । वास्तवमा प्रतिनिधिमूलक भनिएको परिपाटीले राज्य र समाजको तल्लो तह तृणमूल तहका जनताका बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्न सकेन । परिणामस्वरूप विकासोन्मुख मुलुकहरूमा प्रतिनिधिमूलक प्रजातन्त्रको ठाउँले विस्तारै-विस्तारै सहभागितामूलक प्रजातन्त्रले लिन थाल्यो ।

विकासोन्मुख राष्ट्रहरूमा राजनीतिक संस्थाहरू संस्थाकरण भइनसकेको कारणबाट सरकारी संयन्त्रहरू, कर्मचारीतन्त्र, व्यवस्थापिका, कार्यपालिका, अदालत आदि निकायहरू सम्भ्रान्त व्यक्तीकरण र वंशाणुगत सर्वसत्तावाद भएका छन् । शासकहरू निर्वाचित हुनु अघि ठूला-ठूला बाचा गर्दछन्, प्रतिबद्धता जाहेर गर्दछन् तर जितेर सरकारमा गएपछि आफ्नो राजनीतिक शक्तिलाई व्यक्तिगत स्वार्थमा दुरुपयोग गर्छन् । चुनाव जितिन्छ, सरकार बन्छ, प्रतिपक्ष बन्छ, बजेट बन्छ, संसद् चल्छ, तर यी सबै काम कुरा निरन्तर रूपले नियमित चलिरहँदा पनि जनताका चाहना र विकासका कार्यसूचीहरू उचित ठाउँबाट सम्बोधन गरिँदैनन् । प्रजातन्त्रले जनतालाई बलियो बनाउनुपर्ने, शक्तिशाली बनाउनुपर्ने, सशक्तीकरण गर्नुपर्ने तर व्यवहारमा झन्-झन् कमजोर बन्दै जाने, निरीह बन्दै जाने प्रक्रिया सुरु भयो । यसै गतिरोध तोड्न सुशासनको अवधारणा विकास भयो ।

राज्य व्यवस्थाको सुरुवात नै कल्याणकारी व्यवस्थाका लागि भएको हो । प्राचीन ऋषिमुनीहरूले पनि आफ्नो चिन्तनको एउटा पक्ष कसरी प्रजाजनलाई सुखी राख्न सकिन्छ भन्नेमा केन्द्रित गराएका थिए । सुशासनको अवधारणालाई खासगरी रामायण, महाभारतको शान्तिपर्व, शुक्रनीति तथा अन्य ग्रन्थहरूमा उल्लेख गरेको पाइन्छ । राजनीति शास्त्रका प्रकाण्ड विद्वान कौटिल्यले जनताको खुशी नै राजाको खुशी तथा जनहित नै राज्यहीत भनेका छन् । अंग्रेजी भाषामा सर्वप्रथम असल शासनको प्रयोग सन् १६२८ मा भएको थियो । यो अवधिलाई शासनको कार्य वा तरिका भनिएको छ । विकसित मुलुकहरूले दोस्रो विश्वयुद्धपछि शीतयुद्धको समयमा तेस्रो विश्वका विकासोन्मुख देशहरूलाई दिइने वैदेशिक विकास सहायताका लागि सुशासनको नीति लिन थालेको पाइन्छ ।

सुशासनमा सरकारका अतिरिक्त निजी, गैर-सरकारी क्षेत्र, गैर-सरकारी संस्था तथा नागरिक समाजले सबैको सहभागिता सुनिश्चित गर्दछ । यसरी विकासको केन्द्रबिन्दु मानिएको जनता स्वयम्को प्रतिनिधित्व शासन गराउँदा विकास प्रभावकारिता हुन्छ । सुशासनले व्यापक जनसहभागितामा जोड दिन्छ । विधिको शासन, जवाफदेही कर्मचारीतन्त्रलाई जोड दिने भएकोले ग्रामीण विकासमा प्रभाव पार्दछ । जनताप्रति उत्तरदायी सरकार हुने भएकाले जनताका चाहना, आवश्यकताको सम्बोधन हुन्छ । सुशासनले लैङ्गिक समानता र जनसशक्तिकरणमा जोड दिने भएकोले सामाजिक विभेदको अन्त्य हुन्छ ।

सामान्य अर्थमा सुशासन भन्नाले सरकारले नियम र कानुनबमोजिम पारदर्शी तवरमा राम्रो ढंगबाट कार्य सम्पादन गर्नु हो भन्ने बुझिन्छ । सुशासनले ओगट्ने क्षेत्र र प्रक्रिया विस्तृत छ । यसका निम्ति अनेकौं तत्वहरूको सम्मिश्रण जरुरी छ । सुशासनको सफलताका लागि राजनीतिक, प्रशासनिक, आर्थिक प्रक्रिया र नागरिक समाजको सुस्पष्ट परिचालनद्वारा वाञ्छित उद्देश्य हासिल गर्न प्रयत्नशील रहनु जरुरी छ । सुशासनको माध्यमबाट जनसाधारणलाई उत्साह दिलाउन सक्नुपर्छ । सुशासनको अवधारणाअनुरूपको प्रशासन संयन्त्रको विकासमा नेपालको मौजुदा प्रशासन यन्त्रभित्रका विभिन्न पक्षहरू बाधकका रूपमा रहेका छन् । विशेषगरी प्रशासन यन्त्रभित्र हुर्किएको अवाञ्छित राजनीतिक प्रभावले समग्र प्रशासनयन्त्र प्रताडित हुन पुगेको छ । राजनीतिक आस्थाको आधारमा सञ्चालन गरिने प्रशासनयन्त्रभित्र जिम्मेवारी बहन गर्ने भावना र उत्तरदायित्व निर्वाह गर्ने आकांक्षा सधैंभरि मृत प्रायः हुन्छ । सरकार र कर्मचारी वर्गले सम्पादन गर्ने गरेको काम आम जनता माझ सर्व सुलभ रूपमा जानकारी होस् सार्वजनिक काम कारबाही र निर्णय प्रक्रियामा सम्बन्धित पक्षहरूको सहभागिता पनि बढोस् भन्ने ध्येय राखिन्छ तर नेपालको मौजुदा प्रशासनयन्त्र सञ्चालन गर्ने ऐन, नियमको भावना पारदर्शी कार्य प्रणालीको बदला गोप्य कार्य प्रणालीलाई प्रश्रय दिने प्रकृतिका छन् ।



*सुशासनको सफलताका लागि राजनीतिक, प्रशासनिक, आर्थिक प्रक्रिया र नागरिक समाजको सुस्पष्ट परिचालनद्वारा वाञ्छित उद्देश्य हासिल गर्न प्रयत्नशील रहन जरूरी छ । सुशासनको माध्यमबाट जनसाधारणलाई उत्साह दिलाउन सक्नुपर्छ । सुशासनको अवधारणाअनुरूपको प्रशासन संयन्त्रको विकासमा नेपालको मौजुदा प्रशासन यन्त्रभित्रका विभिन्न पक्षहरू बाधकका रूपमा रहेका छन् ।*

नेपालमा ऐतिहासिक कालदेखि नै नागरिक समाजले राज्य शक्तिसँग मिलेर काम गर्दै आएको छ । कार्य क्षेत्र, उद्देश्यको आधारलाई ध्यानमा राखेर समाजको मानवीय संवेदनासँग आबद्ध रहेर सामाजिक परिचालनमा रहने सरकार र बजार संयन्त्रभन्दा बाहिर रहेको समूह वा आन्दोलनलाई नागरिक समाजको संज्ञा दिइएको छ । आजभोलि नागरिक समाजका संगठनहरू प्रजातान्त्रिक वातावरणको सिर्जना, मानव अधिकारको प्रत्याभूति, लैङ्गिक समता वातावरण संरक्षण, सुशासन, आधारभूत, आवश्यकताको पूर्ति र स्वावलम्बनमा आधारित विषयहरूसँग सम्बन्धित राखेर कार्य गरिरहेको देखिनु आउँछ । नेपालमा नागरिक बडापत्रको अवधारणालाई उच्चस्तरीय प्रशासन सुधार आयोग (२०४८) को सुझावले मान्यता दिएको छ । आयोगले यसका लागि एक छुट्टै परिच्छेदमा विभिन्न सुझावहरू राखेको छ ।

सुशासन कायम गर्न सरकारी नीतिको महत्वअन्तर्गत नीतिलाई खुकुलोसित प्रयोग गर्दा नियम, प्रथा र निर्णयसँग अलमलिने डर हुन्छ । नियमले के गर्नु हुन्छ, के गर्नु हुँदैन भन्ने बताउँछ, त्यस अर्थमा यो निर्देशक हो तर, नीतिको विपरीत यो निर्दिष्ट र कठोर हुन्छ । प्रथा भनेको उही ढंगले चल्ने बानी बनेको बाटो हो । तर, प्रथा स्वतः विकसित हुन्छ भने नीति जानाजान गरिने कृत्य हो । निर्णय प्रायः नीतिको दायराभित्र रहेर गरिने कार्य हो । अर्थात् नीतिसँग निर्णयहरूको शृंखला नै जोडिएको हुन्छ ।

आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा शासकीय सुधारअन्तर्गत संघीय निजामती सेवा ऐन तर्जुमा गरी निजामती सेवालाई सक्षम, सुदृढ सेवामूलक र व्यावसायिक बनाइनुका साथै संघ, प्रदेश र स्थानीय तहबीचको प्रशासनिक समन्वय र अन्तरसम्बन्धलाई सुदृढ तथा व्यवस्थित गरिने कार्यक्रम राखिएको छ । सूचना प्रविधिको प्रयोग बढाई सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाइनुका साथै उच्चस्तरीय तलब आयोगको सिफारिस क्रमशः कार्यान्वयन गर्दै लगिने नीति लिइएको छ ।

सार्वजनिक प्रशासनलाई छरितो, मितव्ययी र परिणाममुखी बनाउन उच्चस्तरीय प्रशासन सुधार आयोग गठन गरी सो आयोगको सुझावलाई कार्यान्वयन गरिनुका साथै नतिजामा आधारित कार्यसम्पादन प्रणाली विकास गरी सार्वजनिक प्रशासनलाई जवाफदेही र परिणाममुखी बनाइने कार्यक्रम राखिएको छ । कागजरहित सरकारको अवधारणालाई मूर्तरूप दिन नेपाल सरकारका सबै संघीय केन्द्रीय निकायमा क्रमशः एकीकृत कार्यालय व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याइनुका साथै सार्वजनिक सेवा वापत बुझाउनुपर्ने सबै दस्तुर र सेवा शुल्क क्यू आर कोड लगायतका विद्युतीय माध्यमबाट राजस्व खातामा जम्मा गर्न सक्ने व्यवस्था मिलाइने नीति लिइएको छ ।

राष्ट्रिय परिचय पत्र, राहदानी, सवारी चालक अनुमति पत्रलगायतका सेवा सहज रूपमा उपलब्ध गराउन आवश्यकताअनुसार दुई सिफ्टमा सेवा प्रदान गर्ने व्यवस्था मिलाउनूका साथै राष्ट्रिय परिचयपत्र, राहदानी, सवारीचालक अनुमति पत्र, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा र अध्यागमनलगायतका सेवा प्रवाहका लागि सञ्चालित विद्युतीय प्रणालीकाबीच अन्तरआबद्धता कायम गरी सेवा प्रवाहलाई सरल, सहज र प्रविधिमैत्री बनाइनुका साथै विभिन्न सरकारी सेवाहरूको सूचना प्रणालीलाई नागरिक एपसँग आबद्ध गरिने कार्यक्रम राखिएको छ ।

भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिइनुका साथै भ्रष्टाचार, अनियमितता तथा सरकारी सम्पत्तिको दुरुपयोग गर्नेलाई कानूनी कारवाहीको दायरामा ल्याइने तथा संवैधानिक निकायको भूमिकालाई थप प्रभावकारी बनाइने नीति लिइएको छ । राष्ट्रिय सम्पत्तिको जगेर्ना गर्न सरकारी सम्पत्तिको अभिलेख र व्यवस्थापनलाई सुदृढ पारिनुका साथै भवन, जग्गा, आयोजनालगायतका सरकारी सम्पत्तिलाई मौद्रिकीकरण गरिनुका साथै यसबाट उपयोग नभएका र कम उपयोग भएका सरकारको सम्पत्तिबाट आय प्राप्त हुने र मूल्य सिर्जना हुने अपेक्षा गरिएको छ । कर्मचारी सञ्चय कोषबाट सञ्चालित सञ्चयकर्ता स्वास्थ्योपचार कार्यक्रमको दायरा विस्तार गरी सञ्चयकर्ताको पति वा पत्नी समेतलाई समावेश गर्ने व्यवस्था मिलाइने कार्यक्रम राखिएको छ ।

विकासशील मुलुकहरूको सबैभन्दा ठूलो समस्या, त्यहाँ सार्वजनिक नीतिको निर्माण त हुन्छ तर तिनको सही कार्यान्वयन हुँदैन । अझ अर्को शब्दमा भन्ने हो भने त्यहाँ योजनाहरू बन्छन्, तिनको कार्यान्वयन पनि हुन्छ तर, लक्ष्य भने प्राप्त हुन सक्दैन । यो कुरालाई नजिकबाट हेरिरहेका दाता राष्ट्रहरू र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले अनुभव गरे भने एक त विकासशील मुलुकहरूमा राजनीतिक इच्छाशक्तिको कमी छ भने अर्को, त्यहाँ प्रशासकीय निकाय कार्यकुशल र प्रभावकारी छैनन् । अतः सुशासन एक किसिमले सहयोगको शर्तको रूपमा सामुन्ने आयो । तिमी आफ्नो शासकीय सुधार गर अनि सहयोग पाउँछौं भन्ने ढंगले यो मान्यता यतिबेला सामुन्ने आएको छ ।

### सामाजिक सञ्जाल



**- योगेश ढकाल**

गोविन्द केसीको नियत थाहा छैन, तर उनको कर्मले नर्सिङ्ग कलेज बन्द भए, अब एमबीबीएस कलेज बन्द हुन्छन् । अनमी सीएम पढाउन बन्द गर्ने केसीको दबाबका कारण गाउँका स्वास्थ्य चौकी खाली हुँदैछन्, विज्ञापनमा जनशक्ति आउँदैन् । गाउँमा देखेर आएको हो । अनि शहरमा तिनैको गुणस्तर स्वास्थ्य सेवाका ठूला कुरा !



**- बाबुलाल भण्डारी**

काठमाडौंबाट हेर्दा देखिन्न, भूकम्प प्रभावित क्षेत्रमै पुगेपछि बल्ल दुःखको गहिराई अनुभूत हुन्छ । परिवारका मान्छे गुमेका छन्, घर ढलेका छन्, मान्छे घाइते छन्, शीत बर्सिने खुला आकाशमुनि रात कटेको छ, खानेकुरा र ओढ्ने ओछ्याउने छैनन्, सबै त्रसित, असहाय र विचलित छन्, पीडा बताइसक्नु छैन ।



**- च्वयन घिमिरे**

एमालेले कोशीमा केदार कार्की सरकारलाई दिएको समर्थन फिर्ता नगर्ने अनि प्रतिपक्षमा पनि बस्ने, ओलीको भाषामा 'ढोक्सा' थाप्ने, कांग्रेसले संघीय प्रचण्ड सरकारमा अपनाएको नीति पछ्याएछ । संघीय सरकारमा कांग्रेसको ढोक्सो सफल भएको थियो, हेरम प्रदेशमा एमालेले माछा समात्छ कि भ्यागुता ?



**- पुरूषोत्तम ढुंगेल**

नेता भनाउँदाहरु आफू बस्न सरकारी ढुकुटीबाट यस्तो सुरक्षित महल बनाउन सक्छन् भने गरीब जनताको लागि भूकम्प प्रतिरोधी घर किन बनाउँदैनन् । वार्षिक अर्बौं रूपैयाँ सरकारी ढुकुटिबाट विदेशमा मोजमस्तिका लागि खर्च गर्न सक्नेले ०७२ सालको भूकम्पको क्षतिलाई देख्दा देख्दै गरीबको लागि सुरक्षित घर किन बनाउँदैनन् ?

### तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | पारिवारिक भेटघाट हुनेछ । विदेश यात्राको योग छ । |
| वृष : | शत्रु परास्त हुनेछन् । शिक्षामा लाभ मिल्नेछ । |
| मिथुन : | वाणी संयम् राख्नुहोला । यात्राको योग छ । |
| कर्कट : | कार्य सफल हुनेछ । जोखिमको समय छ । |
| सिंह : | पुरानो कार्यहरुको रुकावट समाप्त हुनेछन् । शत्रु कमजोर हुनेछन् । |
| कन्या : | सम्पर्कमा वृद्धि हुनेछ । झुठो आरोप लाग्न सक्छ । |
| तुला : | अर्कामाथि भरोसा नगर्नुहोला । पैतृक सम्पत्ति प्राप्तिको योग छ । |
| वृश्चिक : | स्वास्थ्य राम्रो रहनेछ । शान्त र आनन्दित रहने योग छ । |
| धनु : | विधार्थीहरुको लागि समय राम्रो छ । बढी व्यस्तता रहेनछ । |
| मकर : | पुराना इष्टमित्रहरुसँग भेटघाट हुनेछ । स्वास्थ्य कमजोर हुनेछ । |
| कुम्भ : | वैदेशिक यात्राको योग छ । सम्पत्तिमा बृद्धि हुनेछ । |
| मीन : | साथीभाइबीच सुमधुर सम्बन्ध बनिरहनेछ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# राज्यबाट खोजिने भूमिका

विचार



● जयप्रकाश गुप्ता

*यदि राज्यले उचित व्यवस्थापन गर्न सक्यो भने प्राकृतिक भनिने कतिपय विपद्लाई हुनबाट रोक्न नसकिएपनि त्यसबाट हुने मानवीय एवम् भौतिक क्षतिलाई भने कम पार्न सकिन्छ । जुन अहिलेको जाजरकोट भूकम्पलाई लिन सकिन्छ । राज्यको व्यवस्थापकीय पाटो बलियो नहुँदा पीडितहरू थप पीडामा छन् ।*

अकाल तथा भोकमरी, भूकम्प, बाढी-पहिरो, आगलागी, रोग व्याधिको संक्रमण र अन्य प्राकृतिक विपद्हरू कतिपय मानवीय असावधानीले घटित हुन्छ । कतिपयको कुनै पूर्व सूचना हुन सक्दैन । केही राज्य सञ्चालनको त्रुटि तथा अर्थ व्यवस्थाका गल्तीले हुन्छ । केहीलाई रोक्न सकिन्छ, केहीलाई रोक्नु असम्भव मानिन्छ । तर, यसबाट हुने मानवीय तथा भौतिक क्षतिलाई भने कम पार्न सकिन्छ- आजको संसारमा अनेकन अनुभव तथा शोधहरूले यसलाई सिद्ध गरेको छ । यस सन्दर्भमा हालसम्मका सबैभन्दा उल्लेख्य शोध अर्थशास्त्री अमर्य सेनको हो । सन् १९३० को दशकमा भारतको विशेषतः बंगालमा केन्द्रित अकाल तथा भोकमरी जसमा लाखौं मानिसको मृत्यु भएको थियो- यसमा केन्द्रित रहेर अमर्य सेनको शोधको निष्कर्ष राज्यको व्यवस्थापन कलासँग सम्बन्धित छ । यस शोध वापत डा. सेनलाई नोबेल पुरस्कार दिइयो । उनको मान्य तर्क रहेको छ कि यदि राज्यले उचित व्यवस्थापन गर्न सक्यो भने प्राकृतिक भनिने कतिपय विपद्लाई हुनबाट रोक्न नसकिएपनि त्यसबाट हुने मानवीय एवम् भौतिक क्षतिलाई भने कम पार्न सकिन्छ ।

हालैको एउटा उदाहरण लिऊँ । भूकम्प विनाशको समाचार फैलिनासाथै दुबै छिमेकी मित्र राष्ट्र चीन र भारतले क्रमशः १० करोड र १६ करोड रुपैयाँ बराबरको राहत सामाग्री नेपाल पठाए । यी सामाग्रीहरू नेपाललाई हस्तान्तरण भएको तस्वीरहरू सञ्चार माध्यममा आयो । दुबै मित्र राष्ट्रका नेपाल स्थित दूतावासहरूले जनाएअनुसार राहत सामाग्रीको मुख्य अंश त्रिपाल, टेन्ट, कम्बल तथा आपतकालीन औषधीको छ । यी सामाग्रीहरू आज पर्यन्त जाजरकोट तथा विपद् प्रभावित क्षेत्रमा पुऱ्याउन सकिएको छैन ।

पछिल्ला समाचार पत्रहरूमा छापिएको छ कि त्यस क्षेत्रका प्रभावित समुदायहरू यथोचित टेन्ट र कम्बल पाएका छैनन्, बढ्दो जाडोको सामना गर्नुपरिरहेको छ । यस समाचारको गहिराइमा विचार गर्दा सरकारको वितरण क्षमता अत्यन्त कमजोर एवम् असक्षम रहेको बुझिन्छ । अक्षमताको यस पक्षलाई अनेकौं सन्दर्भहरूमा जान्न सकिन्छ । यो बडो महत्वपूर्ण कुरा हो । बङ्गालको अकाल एवम् भोकमरीमा अमर्य सेनले बडो मिहिनरूपमा यस कुरोलाई उठाएका छन् कि खाद्यान्न हुँदाहुँदै पनि मानिसहरू भोकले, खान नपाएर लाखौंको संख्यामा मरे ।

वि.सं. २०४५, ०७२ को भूकम्पले पुऱ्याएको 'भौतिक क्षति'को विवरण/तथ्यांक राज्य तथा नागरिक क्षेत्रमा उपलब्ध छ । अहिलेको भूकम्पको 'भौतिक क्षति' को विवरण पनि सार्वजनिक हुँदैछ । मानवीय क्षतिको लगभग विवरण सार्वजनिक भइसकेको छ । यस तीन वटा भूकम्पबाट समाजका कुन वर्ग अर्थात् कस्तो आर्थिक हैसियतका जनता बढी प्रभावित भए ? नेपालको सुदूरपश्चिम क्षेत्र तथा भारतका उत्तराखण्ड, हिमाञ्चल प्रदेश, कश्मीर, राजस्थान, पञ्जाब र दिल्ली आदि क्षेत्रलाई ठूलो नोक्सानी पुऱ्याउन सक्ने क्षमताको भूकम्प आउन सक्ने भूगर्भविदको प्राविधिक आंकलन वि.सं. २०४५ पछि निरन्तर आइरहेको छ । यस सचेतताको कति प्रभाव हाम्रो निर्माण क्षेत्रमा परेको छ र ? केही वर्षअघिको, २०७२ को विनाशले दिएको शिक्षा राज्य र जनता दुवैले बिर्सिसके ।

यसर्थ, विनाशको हकमा यस विषय उपर छलफल हुनु जरूरी छ कि बढी विनाशको एक मुख्य कारण गरिबी हो । विगत दुई भूकम्पपछि नजरअन्दाज गरिएपनि, यस पटक भने चर्चा गरौं कि भौतिक संरचनामा बढी क्षति भएर मानवीय क्षति बढ्नुमा भूकम्प र गरिबीका बीच के सम्बन्ध छ ?

# पर्साका तत्कालीन मालपोत अधिकृत मिश्रसहित १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा



**मध्यान्ह संवाददाता**
काठमाडौं, २० कात्तिक

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मालपोत कार्यालय पर्साका तत्कालीन मालपोत अधिकृत हरिनारायण मिश्रसहित १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । अख्तियारले मालपोत कार्यालय, पर्साको रजिष्ट्रेशन फाँट 'ग'का कर्मचारीहरुको मिलेमतोमा जग्गा किनबेचका क्रममा विभिन्न लिखतबाट उठेको राजस्व रकम (रजिष्ट्रेशन दस्तुर र पुँजीगत लाभकर) नियमानुसार दाखिला नगरी हिनामिना गरेको आरोपमा तत्कालीन मालपोत अधिकृत मिश्रसहित १० जनाविरुद्ध सोमबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

अख्तियारले तत्कालीन मालपोत अधिकृतहरु भुप बहादुर बोगटी, गोपाल बहादुर ढुंगाना, पदम प्रसाद अर्याल र चन्द्र बहादुर भण्डारी तथा तत्कालीन कम्प्युटर अधिकृत कमोद तिवारीविरुद्ध पनि मुद्दा दायर गरेको छ । साथै तत्कालीन नायव सुब्बा किरण प्रसाद उपाध्यायको निधन भइसकेकाले उनका छोराहरु राज किशोर प्रसाद उपाध्याय, गौतम प्रसाद उपाध्याय, पशुपती प्रसाद उपाध्याय र मुरारी प्रसाद उपाध्यायविरुद्ध बिगो असुल उपरका लागि प्रतिवादी बनाइएको अख्तियारले जनाएको छ ।

उनीहरुले आ.व. २०७१।७२ मा मालपोत कार्यालय, पर्साको फाँट 'ग'को एकै रजिष्ट्रेशन नम्बरको एकभन्दा बढी लिखत पारित गरेको र सोमध्ये बढी राजस्व रकम उठेको लिखतको विवरण रजिष्ट्रेशन लिखत दर्ता किताबमा प्रविष्टि गरी किताबमा प्रमाणित गर्नुपर्नेमा रजिष्ट्रेशन दर्ता किताव प्रमाणित नगरी लिखतबाट संकलन भएको राजस्व चुहावट गरेको देखिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए ।

